# जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड

## Janautthan Samudayic Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंक बाट "घ" वर्गको इजाजत पत्र प्राप्त वित्तीय संस्था (१९ जिल्ला कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय, बुटवल-१२, रुपन्देही । फोन नं : ०७१-४३८१७१, फ्याक्स : ०७१-४३८१६९


# Unaudited Financial Report (Quarterly)

## As on Third Quarter for the Fiscal Year 2077/078 (31/12/2077)

*(Rs. in '000)*

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending | Remarks |
|---|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **2,285,821.43** | **2,102,205.03** | **1,626,742.20** | |
| 1.1 | Paid-up Capital | 79,200.00 | 79,200.00 | 63,360.00 | |
| 1.2 | Reserves and Surplus | 126,725.13 | 126,277.87 | 87,703.93 | |
| 1.3 | Debenture and Bond | - | | | |
| 1.4 | Borrowings | 1,377,216.55 | 1,233,934.15 | 902,303.16 | |
| 1.5 | Deposits (a+b) | **663,078.74** | **628,050.23** | **521,005.55** | |
| | a. Domestic Currency | 663,078.74 | 628,050.23 | 521,005.55 | |
| | b. Foreign Currency | - | | | |
| 1.6 | Income Tax Liabilities | 11,474.86 | 13,504.21 | 1,658.91 | |
| 1.7 | Other Liabilities | 28,126.15 | 21,238.57 | 50,710.65 | |
| **2** | **Total Assets (2.1 to 2.7)** | **2,285,821.43** | **2,102,205.03** | **1,626,742.20** | |
| 2.1 | Cash & Bank Balance | 10,588.36 | 10,576.50 | 62,498.02 | |
| 2.2 | Money at call and short Notice | 248,789.52 | 185,739.88 | | |
| 2.3 | Investments | - | | | |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | **1,987,885.86** | **1,871,814.48** | **1,532,156.11** | |
| | a. Real Estate Loan | - | - | - | |
| | 1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million) | - | - | - | |
| | 2. Business Complex & Residential Apartment Construction Loan | - | - | - | |
| | 3. Income generating Commercial Complex Loan | - | - | - | |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | - | - | - | |
| | b. Personal Home Loan of Rs. 10 million or less | - | - | - | |
| | c. Margin Type Loan | - | - | - | |
| | d. Term Loan | - | - | - | |
| | e. Overdraft Loan / TR Loan / WC Loan | - | - | - | |
| | f. Others | 1,987,885.86 | 1,871,814.48 | 1,532,156.11 | |
| 2.5 | Fixed Assets | 15,857.70 | 14,946.14 | 14,126.08 | |
| 2.6 | Non Banking Assets | - | - | - | |
| 2.6 | Other Assets | 22,699.99 | 19,128.03 | 17,961.99 | |
| **3** | **Profit and Loss Account** | | | | |
| 3.1 | Interest income | 199,459.79 | 129,281.29 | 177,740.78 | |
| 3.2 | Interest Expense | 81,421.56 | 56,527.65 | 101,969.56 | |
| **A** | **Net Interest Income (3.1-3.2)** | **118,038.23** | **72,753.64** | **75,771.21** | |
| 3.3 | Fees Commission and Discount | - | - | - | |
| 3.4 | Other Operating Income | 35,591.92 | 23,515.80 | 31,042.71 | |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **153,630.15** | **96,269.44** | **106,813.92** | |
| 3.6 | Staff Expenses | 47,701.55 | 33,641.06 | 44,704.69 | |
| 3.7 | Other Operating Expenses | 20,271.62 | 11,204.17 | 15,296.65 | |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **85,656.98** | **51,424.22** | **46,812.59** | |
| 3.8 | Provision for Possible Loss | 56,721.70 | 33,969.84 | 33,754.57 | |
| **D** | **Operating profit (C-3.8)** | **28,935.28** | **17,454.37** | **13,058.02** | |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - | |
| 3.10 | Write Back of Provision for Possible Loss | 26,875.12 | 25,675.25 | 15,563.17 | |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **55,810.40** | **43,129.62** | **28,621.19** | |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - | |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **55,810.40** | **43,129.62** | **28,621.19** | |
| 3.12 | Provision For Staff Bonus | 5,581.04 | 3,920.87 | 2,601.93 | |
| 3.13 | Provision For Tax | 15,068.81 | 11,762.63 | 7,805.78 | |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **35,160.55** | **27,446.13** | **18,213.48** | |
| **4** | **Ratios** | | | | |
| 4.1 | Capital Fund to RWA | 10.45% | 10.20% | 9.92% | |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 3.82% | 3.92% | 3.52% | |
| 4.3 | Total Loan Loss Provision to total NPL | 98.20% | 91.31% | 96.52% | |
| 4.4 | Cost of Funds | 6.06% | 6.64% | 9.53% | |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 228.75% | 224.57% | 227.98% | |

***The above figures are subject to change upon otherwise instructions from Statutory Auditors & Supervising Authority.***

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ को नियम २६ को उपनियम (१) संग सम्बन्धित**

# आ.व. २०७७/०७८ को तेश्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण:**

(क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्वन्धी विवरण** : यस वित्तीय संस्थाको आ. व. २०७७/०७८ को तेश्रो त्रैमासको नाफा/नोक्सान तथा २०७७ चैत्र मसान्त सम्मको वासलात सम्वन्धी विवरण यसै साथ संलग्न गरिएको छ ।

(ख) **वित्तिय अनुपातहरु**

| प्रति शेयर आम्दानी (वार्षिकीकरण) | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ५९.१९% | ३९.३१ | २६०.०१ | २,८८६.१४ | ०.५२% |

**२. ब्यवस्थापकीय विश्लेषण:**

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण :**
चालु आर्थिक वर्षको तेश्रो त्रैमासिक अवधिमा कारोवारको बृद्धि सँगै संस्थाको मौज्दात, आम्दानी र तरलता पर्याप्त कायम रहेको छ भने सो सम्वन्धमा संस्थाको ब्यवस्थापन पक्ष सदैव सजग रहि संस्थाको लक्ष्य अनुसार उपलब्धी हाँसिलको लागि सम्वेदनशिल छ ।

(ख) **आगामी अवधीको ब्यवसायिक योजना सम्बन्धमा ब्यवस्थापनको विश्लेषणात्मक विवरण :**
वित्तीय संस्थाले आफ्नो ब्यवसायलाई प्रर्वद्धन गर्ने क्रममा संस्थाको कार्यक्षेत्र भित्र पर्ने १९ वटा जिल्लामा ३९ वटा शाखा कार्यालयहरु स्थापना गरी वित्तीय पहुँचबाट वञ्चित समुदायहरुलाई बचत, कर्जा, विप्रेषण, बीमा तथा सामाजिक उत्तरदायित्वसँग सम्बन्धित विभिन्न सेवाहरु उपलब्ध गराउदै आइरहेको छ । संस्थाले ग्राहकको चाहना र आवश्यकतामा आधारित रही विभिन्न खालका योजना सहितको सेवाहरु समय सापेक्ष थप परिमार्जन गर्दै जाने रणनीति लिएको छ । वित्तीय संस्थामा आवद्ध सदस्यहरुको आय आम्दानीमा बृद्धि गरि आर्थिक रुपले सक्षम र सवल बनाउनको लागि विभिन्न खालका सीप तथा उद्यमशिलता सम्वन्धी तालिमहरु तथा वित्तीय साक्षरता संम्वन्धी कार्यक्रमहरु योजनाबद्ध रुपले प्रदान गरिरहेको छ । संस्थाले अन्तराष्ट्रिय दातृ सँस्था सक्षम वित्तीय पहुँच **(Sakchyam Access to Finance)** को सहकार्यमा वित्तीय साक्षरता तथा उर्जा कर्जालाई प्रर्वद्धन गर्ने उदेश्यले जलवायु अनुकुल उर्जा प्रविधिहरुलाई ब्यवसायिक तथा उत्पादनमूलक क्षेत्रमा लगानी गर्दै आईरहेको छ । वित्तीय संस्थामा आवद्ध समुह सदस्यहरुले गर्ने दैनिक कारोवारहरुको जानकारी मोवाईलबाट नै प्रदान गर्ने मूख्य उदेश्यले एस.एम.एस बैङ्किङ्ग सेवा सूचारु गरिएको छ । वित्तीय संस्थालाई प्रविधी मैत्री बनाउने मुख्य उदेश्य तथा दैनिक कार्यहरुलाई सरल, पार दर्शि र छिटो छरितो सेवा प्रदान गर्न संस्थाका सम्पूर्ण ३९ वटै शाखा कार्यालयहरु मार्फत ट्याब्लेट बैकिङ्ग प्रणालीको शुभारम्भ गरि कार्यान्वयन गरिसकिएको अवस्थामा अझ यसलाई ब्यवस्थित तथा प्रभावकारी बनाउदै लगिने कार्ययोजना रहेको छ ।

(ग) **विगतको अनुभवबाट संगठीत संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्नसक्ने घटना, अवस्था आदी भएमा सो सम्वन्धि विश्लेषणत्मक विवरण :**
विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को दोस्रो भेरियन्ट निकै संक्रामक देखिदै गएका कारण जोखिम नियन्त्रण गर्ने उद्देश्यका साथ स्थानीय प्रशासनहरुले जारी गरेको निषेधाज्ञाका कारण पुनः वित्तीय संस्थाका दैनिक कारोवारहरु प्रभावित हुने सम्भावना बढ्दै गएको छ । त्यस्तै, लघुवित्त वित्तीय क्षेत्रको अस्वस्थ प्रतिस्पर्धा, सदस्यस्ता दोहोरोपना, सदस्य पहिचान, कर्जाको गुणस्तर, नीतिगत व्यवस्थामा हुने सक्ने परिवर्तनले सृजना गर्न सक्ने जोखिम, जनशक्तिमा हुने परिवर्तन आदिका कारण पर्न सक्ने असरको विश्लेषण गर्दै वित्तीय संस्थाले लिने गरेको कुशल रणनीतिका कारण गम्भीर समस्या हाल सम्म व्यहोर्नु परेको छैन र तात्विक असर पर्ने देखिदैन ।

**३. कानुनी कारवाही सम्बन्धि विवरण :**

(क) त्रैमासिक अवधिमा संस्थाले वा संस्था विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना पनि प्राप्त भएको छैन ।

(ख) संस्थाको संस्थापक वा संचालकले संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धिमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको छैन ।

**४. संगठीत संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

(क) यस संस्थाको शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सुचीकृत भई कारोवार भईरहेको छ । शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ । प्रचलित कानून अनुसार लगानीकर्ता तथा सम्बन्धित निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ ।

(ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेभसाइट **www.nepalstock.com** का अनुसार त्रैमास अवधिको शेयर सम्बन्धि विवरण निम्न अनुसारको रहेको छ :

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार दिन | कारोबार संख्या | कारोबार शेयर संख्या |
|---|---|---|---|---|---|
| ४,६०० | २,१७० | २,३२७ | ५९ | ७,८४५ | ३२४,१४२ |

**५. समस्या तथा चुनौतिहरू :**

(क) विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को दोस्रो भेरियन्ट निकै संकामक देखिदै गएका कारण जोखिम नियन्त्रण गर्ने उद्देश्यका साथ स्थानीय प्रशासनहरुले जारी गरेका निषेधाज्ञाका कारण वित्तीय संस्थाका दैनिक कारोवारहरु प्रभावित हुने सम्भावना बढ्दै गएकाले असुलीमा प्रत्यक्ष प्रभाव पर्न सक्ने देखिन्छ ।

(ख) कर्जा लगानीमा दोहोरोपना तथा कर्जा सदुपयोगितामा ह्रास ।

(ग) जनशक्तिमा हुन सक्ने परिवर्तन

(घ) वित्तीय श्रोतका लागि विभिन्न बैंक तथा वित्तीय संस्थाहरुको सँगको बाध्यात्मक निर्भरताले समस्या तथा चुनौतीहरु सामना गर्न पर्ने सम्भावना ।

**६. संस्थागत सुशासन :**

संस्थाको दिगो विकास र प्रगति तब मात्र सम्भव छ जब संस्थागत सुशासन कायम रहन्छ यही कुरालाई मनन् गर्दै संस्थागत सुशासन प्रति संस्था सदैव सजग र प्रतिवद्ध रहेको छ । संस्थागत सुशासनलाई प्रभावकारी कार्यान्वयन गर्न गराउन संस्थालाई आवश्यक पर्ने विभिन्न नीति, निर्देशिका तथा कार्यविधिहरु तयार गरी लागु गरिएको छ । संचालकहरुको आचार संहिता लागु गर्ने एंव कर्मचारी विनियमावलीमा कर्मचारी आचार संहिता व्यवस्था गरी सोको पालना एंव नेपाल राष्ट्र बैंकको नीति, निर्देशन अनुसार नियमित अनुगमनको व्यवस्था गरी सोको कडाईका साथ पालना गर्ने गराउने गरिएको छ । संस्थागत सुशासनलाई ध्यान दिदै संस्थामा विभिन्न समिति, उपसमिति तथा विभिन्न विभागहरु खडा गरी जिम्मेवारी अनुसारको कार्य सम्पादन हुने गरेको छ । यसका साथै बाह्य लेखा परीक्षक, आन्तरीक लेखा परीक्षक नियुक्ति गर्नुका साथै संस्थाको केन्द्रीय कार्यालयमा अनुगमन तथा मूल्याङ्कन विभाग खडा गरी संस्थागत सुशासनलाई चुस्तदुरुस्त बनाउन ब्यवस्थापन हरदम प्रयत्नशील रहनुका साथै संस्थाको सुशासनलाई उच्च बनाई राख्न समय सापेक्ष आवश्यकता अनुसार रणनीतिहरु तर्जुमा गरी कार्यान्वयन गर्न ब्यवस्थापन सदैव प्रतिवद्ध रहने छ ।

**७. सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उदघोष :**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धताका सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु । साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित गर्ने तथा निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।